# मनाङ ङिस्याङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### हुम्डे, मनाङ

## ढुङ्गा, गिट्टी र वालुवा उत्खनन् तथा संकलन कार्यका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७७।१०।२६)

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ११ को उपदफा २ घ (६) मा भएको व्यवस्था, मनाङ ङिस्याङ गाउँ कार्यपालिकाको मिति २०७७।८।२८ के निर्णय तथा मनाङ ङिस्याङ गाउँपालिकाको मर्स्याङदी नदी र थोराङ खोलाबाट दिगो रुपमा ढुङ्गा, गिट्टी र वालुवा उत्खनन् तथा संकलन कार्यका लागी प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन अनुसार देहायको शिर्षकमा राजश्व असुली सम्बन्धी काम आ.व. २०७७/७८ का लागी ठेक्काद्वारा गराउन यो सुचना प्रकाशित गरिएको छ। सुचना प्रकाशित मितिको एकतिसै दिनको १२:०० वजे भित्र कानुनी प्रक्रिया पुरा गरेका योग्य फर्म, कपनी तथा व्यक्तिहरुले यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड मनाङ शाखामा रहेको आन्तरिक राजश्व खाता खाता नं. ३५६०१००३०१०१०००२ मा बोलपत्र दस्तुर वापतको रकम रु ३०००।– (तिन हजार) नगद जम्मा गरेको भौचर वा यस कार्यालयमा सो रकम बराबरको नगदी रसिद पेश गरी बोलपत्र फाराम खरिद गरेर सोही शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्न यो सुचना प्रकाशन गरिएको छ ।

<u>तपसिल</u>

| सि.नं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू. अ. कर बाहेक) | धरौटी | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | ०२/आन्तरिक आय/२०७७।७८ | टंकी मनाङ (थोराङ खोला किनार) | ३,५३,१०० | २४,७१,७००।- (चौबिस लाख एकहत्तर हजार सात सय रुपैया मात्र) | बोलपत्र जमानत वापत कुल कबोल अङ्कको ५ प्रतिशत वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत | ३,०००।- |
| २ | | टंकी मनाङ (मर्स्याङ्दी नदी किनार) | १२,३५,८५० | ८६,५०,९५०।-(छयासी लाख पचास हजार नौ सय पचास रुपैया मात्र) | | ३,०००।- |
| ३ | | मर्स्याङ्दी नदी र चौवी खोला दोभान (दायाँ किनार) | ३५,३१० | २,४७,१७०।- ( दुई लाख सरचालिस हजार एक सय सत्तरी रुपैया मात्र) | | ३,०००।- |
| ४ | | मर्स्याङ्दी नदी किनार तलेखु | ३५,३१० | २,४७,१७०।- ( दुई लाख सरचालिस हजार एक सय सत्तरी रुपैया मात्र) | | ३,०००।- |

<u>वेलपत्र खरिद गर्दा पेश गर्नुपर्ने कागजातहरु</u>

१) मुल्य अभिवृद्धि कर दर्ता प्रमाणापत्र २) २०७६।७७ सम्मको करचुक्ता प्रमाणापत्र ३) व्यवशाय दर्ता प्रमाणापत्र
४) व्यात्ति भएमा नागरिकताको प्रमाणपत्र

<u>बोलपत्र सम्बन्धी शर्तहरु</u> :-

१. माथी उल्लेखित ठेक्काको बोलपत्र खरिद गरी सोही छुट्टै भरी पेश गर्नु पर्नेछ।एउटा बोलपत्रदाताले एक वा एक भन्दा वढी बोलपत्र दखिला गर्न सक्ने छ । बोलपत्र भर्दा कुल कबोल रकम अङ्क र अक्षर दुवैमा स्पष्ट रुपमा भर्नुपर्नेछ।यदि अङ्क र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइने छ । आय ठेक्कामा जुन कबोलकर्ताको बढी हुन्छ सोही कबोलकर्ताको बोलपत्र स्वीकृत गरिनेछ।

२. कबोल गरेको अङ्कको धरौटी वापत ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड मनाङ शाखामा रहेको धरौटी खाता खाता नं. ३५६०१००३०३००००००२ मा नगद दाखिला गरेको संकलन भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद कायम भएको बैंक जमानत बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गरिनेछैन। बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित कानुन बमोजिम फिर्ता गरिनेछ ।

३. बोलपत्र दिदाँ कुनै किसिमको शर्त मान्य हुने छैन, साथै रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

४. शिलबन्दी बोलपत्र पेश गर्दा राजश्व दाखिला गरेको बैंक भौचर वा नगदी रसिद, धरौटी दाखिला गरेको बैंक भौचर वा बैंक जमानत, चालु आ.व. सम्मको नविकरण भएको कम्पनी इजाजतपत्र, मुल्य अभिकृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७६/७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी समेत साथै पेश गर्नुपर्नेछ।

५. बोलपत्र दाता कुनै फर्म वा कम्पनिको प्रतिनिधि भएमा उक्त कम्पनीको आधिकारिक व्यक्तिको मन्जुरीनामा साथै पेश गर्नुपर्नेछ ।

६. **बोलपत्र फाराम यस सुचना प्रकाशित भएको एकतिसौ दिनको १२.०० वजे भित्र यस कार्यालयमा दाखिला गरिसक्नु पर्ने छ र सोही दनको २:०० बजे यस गाउँपालिकाको कार्यालय हुम्डे-४, मनाङमा खोलिनेछ ।** रित नपुगी दाखिला भएको वोलपत्र मान्य हुने छैन ।

७. अन्य थप शर्तहरु बोलपत्र फाराममा उद्ल्लेख गरिने छ ।

अन्य जानकारीका लागि सम्पर्क न. ९८६६०४२१७८ (कार्यालय समयमा मात्र)

प्रमुख प्रशासकीय अधिकृत